AMNESTY INTERNATIONAL

AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मितिः २०७९ कार्तिक १४ गते

श्री संयोजकज्यू,

एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध सम्पूर्ण
समूह, युथ नेटवर्क र निर्माणाधीन समूहहरू,

**विषय : एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको ३१ औं साधारण सभामा सहभागी हुने प्रतिनिधि र पर्यवेक्षकको नाम सिफारिस गरी पठाउने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा **मिति २०७९ साल पौष २ गते (१७ डिसेम्बर २०२२)** आयोजना हुन लागिरहेको एम्नेस्टी इन्टरनेसल नेपाल शाखाको **३१ औं साधारण सभामा** सहभागिताका लागि एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा नियमावली, २०६२ (सन् २००५) को पाँचौं संशोधन २०७८ (सन् २०२१) को नियम नं. १० को (घ)[1] मा तोकिएबमोजिम यही **मिति २०७९ मंसिर १६ गते भित्र** प्रत्येक समूह, युथनेटवर्क र निर्माणाधीन समूहहरूले आ-आफ्नो प्रतिनिधि र पर्यवेक्षकहरूलाई तोकिएको ढाँचामा सिफारिस गरी राष्ट्रिय सचिवालयमा पठाउन यहाँहरू सबैलाई यसैसाथ अनुरोध छ।

साथै एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को सातौं संशोधन २०७८ (सन् २०२१) र यसअघि मिति २०७९ असोज ९ गते प्रेशित गरिएको सर्कुलरबमोजिम योग्यता हाँसिल गरेका सबै समूह, युथ नेटवर्क र निर्माणाधीन समूहहरूले प्रतिनिधि र पर्यवेक्षकको नाम सिफारिस गरी पठाउनुअघि आ-आफ्नो समूह, युथ नेटवर्क वा निर्माणाधीन समूहमा सदस्यस्ता सङ्ख्या नविकरण वा/र विस्तार गरी कम्तिमा ५० सदस्य सङ्ख्या पुर्याई समूह, युथ नेटवर्क र निर्माणाधीन समूहको वैधानिक हैसियत (valid status) कायम राख्नका लागि पनि यसैसाथ अनुरोध गरिन्छ। यस प्रयोजनका लागि **मिति २०७९ मंसिर १२ गते भित्र** सबै समूह, युथ नेटवर्क र निर्माणाधीन समूहलाई वैध सदस्यता सङ्ख्या कायम गर्न अनुरोध गरिन्छ।

प्रतिनिधि र पर्यवेक्षकको नाम सिफारिस गरी पठाउनका लागि तोकिएको फारम यसै सर्कुलर साथ प्रेशित गरिएको पनि जानकारी गराइन्छ। साथै उक्त फारम एम्नेस्टी नेपालको वेबसाइटको वार्षिक साधारण सभा (Annual General Meeting) ट्याबबाट पनि डाउनलोड गर्न सकिनेछ।

धन्यवाद,

शचिता कुईंकेल
महासचिव, एम्नेस्टी इन्टरनेसनल नेपाल

[1] (घ)साधारणसभाका प्रतिनिधि तथा पर्यवेक्षकहरूको नाम सभा हुनुभन्दा कम्तिमा १५ दिन पूर्व एम्नेस्टी नेपाल राष्ट्रिय सचिवालयमा विधिवत दर्ता भइसकेको हुनुपर्नेछ र कम्तिमा १५ दिन अगावै त्यस्ता प्रतिनिधि तथा पर्यवेक्षकहरूले एम्नेस्टी नेपालको सदस्यता ग्रहण वा नवीकरण गरेको हुनुपर्नेछ ।